नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

# धितोपत्र दर्ता तथा निष्काशन (सातौं संशोधन) नियमावली, २०८०

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिई नेपाल धितोपत्र बोर्डले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "धितोपत्र दर्ता तथा निष्काशन (सातौं संशोधन) नियमावली, २०८०" रहेको छ ।

(२) यो नियमावली नेपाल सरकारले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २ मा संशोधनः धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(१) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) "चुक्ता पुँजी" भन्नाले सङ्गठित संस्थाका शेयरधनीले लिन कबुल गरेको शेयर बमोजिम चुक्ता गरिसकेको रकम सम्झनुपर्छ।"

(२) खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएको छः

"(ज) "हरित ऋणपत्र (ग्रीन बण्ड)" भन्नाले सङ्गठित संस्थाले पर्यावरण मैत्री परियोजना सञ्चालन गर्ने कार्यका लागि जारी गर्ने ऋणपत्र सम्झनुपर्छ र सो शब्दले दिगो विकासका कार्यमा लगानी गरी जलवायु परिवर्तनको प्रतिकूल प्रभावलाई न्यूनीकरणमा सहयोग पुऱ्याउने परियोजनामा लगानीको लागि जारी गरिने ऋणपत्रलाई समेत जनाउँछ"

३. मूल नियमावलीको नियम ३ मा संशोधनः मूल नियमावलीको नियम ३ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः

"(३) उपनियम (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आवधिक रूपमा अनुमतिपत्र नवीकरण गर्नुपर्ने व्यवसाय बाहेक अन्य व्यवसायको हकमा व्यवसाय सञ्चालनको अनुमतिको अवधि दश वर्षभन्दा कम भएमा त्यस्तो सङ्गठित संस्थाले बोर्डमा धितोपत्र दर्ता तथा सार्वजनिक निष्काशनको लागि निवेदन दिन सक्ने छैन।"

४. मूल नियमावलीको नियम ९ मा संशोधनः मूल नियमावलीको नियम ९ को,

(१) उपनियम (३) को खण्ड (क) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः

"तर साविकमा प्राईभेट लिमिटेड कम्पनीको रूपमा दर्ता भई कारोबार सञ्चालन गरेको कम्तिमा दुई आर्थिक वर्ष पूरा गरी पब्लिक लिमिटेड कम्पनीमा परिणत भएको कम्पनीले यसरी पब्लिक लिमिटेड कम्पनीमा परिणत भए पश्चात साधारण सभा सम्पन्न

सचिव (राजस्व)

गरी अन्तिम आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन साधारण सभाबाट पारित गरेको भए त्यस्तो अवधि पूरा हुन आवश्यक पर्ने छैन।"

(२) उपनियम (३) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः

(ख) प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारणसभा सम्पन्न गरेको र लेखापरीक्षण प्रतिवेदनमा उक्त संस्था भविष्यमा पनि निरन्तर सञ्चालन (गोइङ्ग कन्सर्न) हुने आधारमा कुनै कैफियत नभएको पुष्टी भएको,

<u>५. मूल नियमावलीमा नियम ९ग थप</u> मूल नियमावलीको नियम ९ख. पछि देहायको नियम ९ग. थपिएको छः-

"९ग. <u>हरित ऋणपत्र निष्काशन गर्न सक्नेः</u> (१) सङ्गठित संस्थाले बोर्डबाट स्वीकृति प्राप्त गरी हरित ऋणपत्र (ग्रीन बण्ड) वा डिबेञ्चर निष्काशन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निष्काशन हुने बण्ड वा डिबेञ्चर निष्काशन तथा बाँडफाँड सम्बन्धी अन्य व्यवस्था निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

(३) उपनियम (१) बमोजिम निष्काशन हुने बण्ड वा डिबेञ्चरमा प्रचलित कानूनको अधीनमा रही विदेशी लगानीकर्ताले समेत लगानी गर्न सक्नेछ ।"

<u>६. मूल नियमावलीको नियम २५ मा संशोधनः</u> मूल नियमावलीको नियम २५ को खण्ड (क) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः-

"तर कम्तीमा एक अर्ब रुपैयाँ चुक्ता पुँजी भई पछिल्लो दुई वर्ष खुद मुनाफामा रहेको सङ्गठित संस्थाले प्रिमियममा धितोपत्रको सार्वजनिक निष्काशन गर्न सक्नेछ।"

<u>७. मूल नियमावलीको नियम २५क. मा संशोधनः</u> मूल नियमावलीको नियम २५क. को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन वा बिक्री प्रस्ताव मार्फत निष्काशन गर्न चाहने सङ्गठित संस्थाको प्रिमियम निर्धारण गर्दा देहाय बमोजिम हुने गरी गणना गर्नु पर्नेछः-

(क) कम्तीमा एक अर्ब रुपैयाँ चुक्ता पुँजी भएको सङ्गठित संस्थाको हकमा कम्पनीको साधारण सभाबाट स्वीकृत पछिल्लो दुई आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको आधारमा पुँजीकृत भएको आम्दानी (क्यापिटलाईज्ड अर्निङ्ग), भविष्यमा प्राप्त हुने नगद प्रवाहको वर्तमान मूल्य (डिस्काउण्टेड क्यास फ्लो) र प्रचलित नेपाल कानूनबाट मान्यता प्राप्त अन्तर्राष्ट्रिय प्रचलनको आधारमा मूल्याङ्कन विधि अवलम्बन गरी प्राप्त हुने कुल मूल्यको औषत मूल्य,

(ख) खण्ड (क) मा उल्लेख भएका बाहेक अन्य संगिठत संस्थाको हकमा कम्पनीको साधारण सभाबाट स्वीकृत पछिल्लो तीन आर्थिक वर्षको



सचिव (राजस्व)

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

लेखा परीक्षण प्रतिवेदनका आधारमा पुँजीकृत भएको आम्दानी (क्यापिटलाईज्ड अर्निङ्ग), भविष्यमा प्राप्त हुने नगद प्रवाहको वर्तमान मूल्य (डिस्काउण्टेड क्यास फ्लो) र प्रचलित नेपाल कानूनबाट मान्यता प्राप्त अन्तर्राष्ट्रिय प्रचलनको आधारमा मूल्याङ्कन विधि अवलम्बन गरी प्राप्त हुने कुल मूल्यको औषत मूल्य,

(२) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) उपनियम (१) बमोजिम निर्धारण गरिएको प्रिमियम मूल्यलाई सम्बन्धित प्रत्याभूतिकर्ताले समेत प्रमाणित गरी पेश गर्नु पर्नेछ।"

(३) उपनियम (२) मा रहेका "सङ्गठित संस्थाको" भन्ने शब्दहरू पछि "साधारण सभाबाट स्वीकृत" भन्ने शब्दहरू र "प्रिमियम" भन्ने शब्द पछि "सहितको मूल्य" भन्ने शब्द थपिएका छन् ।"

<u>८. मूल नियमावलीको नियम ३८ संशोधनः</u> मूल नियमावलीको नियम ३८ को उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर प्राइभेट इक्वीटि, भेन्चर क्यापिटल, हेज फण्ड वा यस्तै प्रकारको कोषको रूपमा बोर्डमा वा विदेशमा दर्ता भएको कोषको वा नेपालमा लगानी गर्न प्रचलित कानून बमोजिम स्वीकृति प्राप्त विदेशी सरकारको लगानी रहेको संस्थाको स्वा

मित्वमा रहेको धितोपत्र सङ्गठित संस्थाले सर्वसाधारणका लागि प्रारम्भिक सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले एक वर्षको अवधि पूरा भएपश्चात बिक्री गर्न सक्नेछ।"

<u>९. मूल नियमावलीमा नियम ४१ख. थपः</u> मूल नियमावलीको नियम ४१क. पछि देहायको नियम ४१ख. थपिएको छः

"४१.ख. <u>संयुक्त लगानीमा स्थापना भएको इन्भेष्टमेन्ट कम्पनीले जारी गर्ने धितोपत्रः-</u> (१) नेपाल सरकार र गैर आवासीय नेपालीको संयुक्त लगानीमा प्रचलित कानून बमोजिम स्थापना भएको इन्भेष्टमेन्ट कम्पनीले विदेशी नागरिकता वा कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र प्राप्त गैर आवासीय नेपालीको लागि मात्र *नेपाल राष्ट्र बैंकको स्वीकृति लिई* पूर्वाधारसम्बन्धी परियोजनाहरूमा शेयर, वण्ड र डिवेन्चरमा लगानी गर्न पाउने र विदेशी मुद्रामा समेत भुक्तानी हुने गरी नियमानुसार धितोपत्र निष्काशन गर्न सक्नेछ। यसप्रकारको विदेशी मुद्राको शेयर, वण्ड वा डिवेन्चरमा लगानी गर्ने गरी निष्काशन गरिएको धितोपत्रको कारोवार विदेशी नागरिकता प्राप्त वा कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र प्राप्त गैर आवासीय नेपालीबीच मात्र हुनेछ।

(२) उपनियम (१) बमोजिम धितोपत्र निष्काशन तथा कारोवार सम्वन्धी अन्य व्यवस्था निर्देशिकामा तोकिए बमोजिम हुनेछ।



सचिव (राजस्व)

(३) उपनियम (२) बमोजिम निर्देशिका बनाउँदा नेपाल राष्ट्र बैंकको सहमति लिनुपर्नेछ।"

१०. मूल नियमावलीमा नियम ४७क. थपः मूल नियमावलीको नियम ४७ पछि देहायको नियम ४७क. थपिएको छः-

"४७क. विद्युतीय माध्यमबाट पेश गर्न सक्नेः सङ्गठित संस्थाले बोर्डमा धितोपत्र निष्काशन सम्बन्धी कागजात तथा विवरण बोर्डले तोकेको विद्युतीय माध्यमबाट समेत पेश गर्न सक्नेछ।"

सचिव (राजस्व)